मिति २०७३/०७/०१ मा बसेको सचिव बैठकका निर्णयहरु

क्र.सं.	निर्णयहरु	जिम्मेवार निकाय	सहयोगी निकाय	अनुगमन गर्ने निकाय	समय सीमा
१.	नेपालको संविधान २०७२ को कार्यान्वयन सम्बन्धमा सार्वजनिक संस्थानको व्यवस्थापन,सञ्चाधलन तथा संस्थानहरुबाट वितरण हुने सेवा प्रवाहलाई चुस्त ,दुरुस्त र थप प्रभावकारी बनाउने सम्बन्धमा अर्थ मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ,उद्योग, वाणिज्य,आपूर्ति र कृषि मन्त्रालय,महालेखा नियन्त्रकको कार्यालय लगायत अन्य सरोकारवाला तथा सहयोगी मन्त्रालय/निकायसमेतको सहकार्य र समन्वयमा अध्ययन गरी प्रतिवेदन तयार गर्ने ।	अर्थ मन्त्रालय		प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१ महिना
२.	नेपालको संविधान २०७२ को कार्यान्वयन सम्बन्धमा प्रत्येक मन्त्रालयले आफू मातहतका प्रतिष्ठान, समिति, विकास समिति , प्राधिकरण, आयोग लगायतका स्वायत्त संस्था/निकायहरुको संचालन, व्यवस्थापनतथा सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने सम्वन्धमा अध्ययन गरी संघीयताको कार्यान्वयन र सेवा प्रवाहलाई थप व्यवस्थित गर्न प्रतिवेदन तयार गर्ने।	सवै मन्त्रालय /निकाय		-	१ महिना
३.	कर्मचारी सरुवालाई थप व्यवस्थित र कार्यसम्पादन प्रभावकारी बनाई पदसोपानलाई प्रभावकारी बनाउन मन्त्रालयहरुले सिधै कार्यालयमा सरुवा तथा पदस्थापन नगरी प्रचलित कानून बमोजिम सरुवा गर्ने। त्यसै गरी सामान्य प्रशासन मन्त्रालयले समेत सामान्यतया कार्यालय नतोकी मन्त्रालय अन्तर्गत सरुवा गर्ने र गर्नै पर्ने अवस्थामा सम्बन्धित मन्त्रालयको सहमतिमा कार्यसम्पादन सुधार एवं कर्मचारी व्यवस्थापन प्रतिकूल नहुने गरी कानून बमोजिम सरुवा गर्ने ।	सामान्य प्रशासन मन्त्रालय	सबै मन्त्रालय	-	१ महिना

क्र.सं.	निर्णयहरु	जिम्मेवार निकाय	सहयोगी निकाय	अनुगमन गर्ने निकाय	समय सीमा
४.	राजदुत लगायत कुटनीतिक नियुक्ती, वाणिज्य दुत, अवैतानिक प्रतिनिधि नियुक्ती र स्वीकार्यता (Agreement) प्राप्ति एवं प्रदान गर्ने समग्र विषयहरुमा कार्यसम्पादन र मापदण्ड निर्धारण गर्ने सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा हेर्ने सचिवको संयोजकत्वमा सचिव परराष्ट्र मन्त्रालय, सचिव अर्थ मन्त्रालय, सचिव कानून मन्त्रालय, सचिव वाणिज्य मन्त्रालय सदस्य रहने र सहसचिव व्यवस्थापन तथा जनशक्ति विकास महाशाखा,प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सदस्य सचिव रहने गरी एक समिति बनाई उक्त समीतिले ४५ दिन भित्र प्रतिवेदन तयार गर्ने।	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, व्यवस्थापन तथा जनशक्ति विकास महाशाखा	अर्थ मन्त्रालय, वाणिज्य मन्त्रालय, कानून मन्त्रालय	-	४५ दिन
५.	प्रशासन पुनःसंरचनाका लागि गठित समूहगत कार्यदलले तयार गरेको कार्य विश्लेषणको (Functional Analysis) विस्तृतिकरण (unbundling)प्रतिवेदन उपर प्रतिकृया माग गरी पठाइएकोमा निर्धारित समय सिमाभित्र करीव एकतिहाई मन्त्रालय/निकायबाट मात्र प्रतिकृया प्राप्त हुन आएकोले प्रतिकृया उपलब्ध गराउन बाँकी मन्त्रालय/निकायले तीन दिन भित्र प्रतिकृया उपलब्ध गराउन पुनः समय थप गर्ने तर सो अवधि सम्म पनि प्रतिकृया प्राप्त नभएमा स्वीकृती दिएको मानी प्रकृया अगाडि बढाइने।	सबै मन्त्रालय/निकायहरु	-	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३ दिन